यो कार्यक्रम सञ्चालन
बताउनुभयो।
अन्तर्गत किसानका
वान गरेर कार्यक्रम
स लगत्तै समूह तथा
यकतामा आधारित कृषि
कार्यान्वयन गरिने उहाँले
तासँग प्रत्यक्ष सम्बन्धित
गोलअनुसार कृषि क्षेत्रका
र्फत नै सञ्चालन गरिने
यसका लागि कर्णाली
ष मन्त्रालयले आवश्यक
को उहाँले बताउनुभयो।

# विकास
# थापना



क्रममा सहभागी। तस्बिर : बेलिना थापा

गततर्फ १४ करोड ५५ लाख ६४
० हजार गरी १५ करोड ३२ लाख
ो कार्यालयले जनाएको छ।
ङ्घबाट सशर्त अनुदानमा सिँचाइतर्फ
रुपियाँ, पुँजीगततर्फ ५ करोड ३०
छ। जल उत्पन्न प्रकोप नियन्त्रणतर्फ
पयाँ, प्रदेशबाट विनियोजित सिँचाइतर्फ
रुपियाँ, जल उत्पन्न प्रकोप नियन्त्रण
तमा एक करोड ४० लाख रुपियाँ
जनाएको छ।
दघाटन गर्दै जिल्ला समन्वय समिति
पाण्डेले दुई कार्यालयले गर्ने काम
भएकाले फरक किसिमले काम गर्न

ाको धनी जिल्ला भएको भन्दै उहाँले
ै उत्पादनलाई बढाउन सक्नुपर्नेमा
समर्पित भएर काम गर्नसके विकास
ाउनुभयो।

नेपाल सरकार
अर्थ मन्त्रालय

# नागरिक लगानी कोषको कार्यकारी निर्देशकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिश समितिको

## पदपूर्तिसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७५।०६।०८)

नागरिक लगानी कोषमा रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकाले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथमपटक प्रकाशित मितिले १५ दिन (२०७५।०६।२२) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन।

**१. योग्यता तथा अनुभव**

(क) मान्यता प्राप्त शिक्षणसंस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, बैकिङ्ग, वित्तीय, वाणिज्य वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, पुँजी बजार वा बैकिङ्ग क्षेत्रका संस्थाको कम्तीमा व्यवस्थापकीय तह (नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी, सार्वजनिक निकायको दशौं तह वा सो सरहसम्मको जिम्मेवारी लिइसकेको) वा निजी क्षेत्रको पुँजी बजारसम्बन्धी संस्थाहरूको व्यवस्थापकीय तहमा कम्तीमा १५ (पन्ध्र) वर्षको कार्यानुभव प्राप्त गरेको।

(ख) नागरिक लगानी कोष ऐन, २०४७ को दफा २६ बमोजिमको अयोग्यता नभएको।

(ग) तीस वर्ष पूरा भई पैंसट्ठी वर्ष उमेर ननाघेको (६५ वर्ष उमेर पूरा भएमा स्वतः अवकाश हुने)।

**२. दरखास्त पेश गर्ने प्रक्रिया**

(क) दरखास्तसाथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित कार्यकारी निर्देशकको छनौट तथा सिफारिशसम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेश गर्नुपर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर 'नागरिक लगानी कोषको कार्यकारी निर्देशकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना' उल्लेख गरेको हुनुपर्नेछ।

(ग) आवेदक कुनै निकायमा सेवारत भएको भए दरखास्तसाथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नुपर्नेछ।

**३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण**

छनौट सूचीमा परेका उम्मेदवारले **आफूले पेश गरेको व्यावसायिक कार्ययोजना तोकिएको** मिति र समयमा प्रस्तुतीकरण समेत गर्नुपर्नेछ।

**४. दस्तुर**

दरखास्त दस्तुरबापत अर्थ मन्त्रालयको कार्यालय कोड नम्बर : ३०५००३५०३, राजस्व खाता : ००१००१०६२००००० तथा राजस्व शीर्षक : १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरबार शाखामा रू. ३,०००।- (अक्षरेपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

**५. पारिश्रमिक**

कार्यकारी निर्देशकलाई करारमा उल्लेख भएबमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा, सुविधा उपलब्ध गराइनेछ।

**६. अन्य विवरण**

(क) कार्यकारी निर्देशकको छनौट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७५ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा अर्थ मन्त्रालयको website: www.mof.gov.np बाट जानकारी लिन सकिनेछ।

(ख) यो सूचनाबमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिश समितिले कुनै कारण उल्लेख गरी वा नगरी कुनै पनि समयमा रद्द गर्न सक्नेछ।

(ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानुनबमोजिम कारबाही हुनेछ।

(घ) यससम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा वा टेलिफोन नं. ४२११७७० मा सम्पर्क गर्न सकिनेछ।